# भावि नेतृत्व र कार्यकारी सशक्तिकरण सम्बन्धि तालिममा सहभागिताका लागि

## सूचना

समावेशी शासन र मानवअधिकारका लागि नागरिक समाज सुदृढीकरण परियोजना, नेपाल अन्तर्गत महिलाहरू तथा सीमान्तकृत समुदायका युवाहरूको नेतृत्व, लोकतान्त्रिक सहभागिता, वकालत क्षमता तथा सुशासन सम्वन्धी दक्षता बढाउने उद्देश्यले भावि नेतृत्व र कार्यकारी सशक्तिकरण सम्बन्धि तालिम सञ्चालन गरिने भएकोले इच्छुक तथा योग्य व्यक्तिहरूबाट निम्न ठेगानामा सम्पर्क गर्न वा सिधै आवेदन पेश गर्न आज मिति २०८३।०२।०७ गते यो सुचना प्रकाशित गरिएको छ ।

यस कार्यक्रम मार्फत सहभागीहरूलाई नेतृत्व विकास, सार्वजनिक अभिव्यक्ति, बिद्युतिय वकालत, स्थानीय शासन प्रक्रियामा सहभागिता, मानव अधिकार, लैङ्गिक समानता, जलवायु न्याय, वातावरण संरक्षण तथा सामाजिक न्याय सम्बन्धी विषयमा क्षमता अभिवृद्धि गरिनेछ ।

**कार्यक्रमको उद्देश्य**

महिला तथा सीमान्तकृत समुदायका युवाहरूलाई लोकतान्त्रिक अभ्यास, नेतृत्व विकास, वकालत तथा स्थानीयतहको निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताका लागि सक्षम बनाउने ।

**सहभागी छनोटका प्रमुख आधारहरू:**

- उमेर १८ देखि ३८ वर्ष भित्रका महिला तथा युवा ।
- दलित, जनजाति/आदिवासी, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, LGBTQI+, एकल महिला, गरिब तथा सीमान्तकृत समुदायका व्यक्ति ।
- नेतृत्व विकास, सुशासन, लोकतान्त्रिक सहभागिता, मानव अधिकार, लैङ्गिक समानता, लिंगमा आधारित हिंसा,जलवायु न्याय, वातावरण संरक्षण आदि क्षेत्रमा रुचि भएका ।
- समुदाय, युवा समूह, सामाजिक सञ्जाल वा स्थानीय पहलहरूमा सक्रिय रहेका ।
- सार्वजनिक अभिव्यक्ति, नेतृत्व, बिद्युतिय वकालत तथा निर्णय प्रक्रिया सम्बन्धी सीपविकास गर्न इच्छुक ।
- यस अघि समानखालका नेतृत्व वा क्षमता विकास तालिममा सीमित वा कुनै अवसर नपाएका व्यक्तिहरू ।
- स्थानीयशासन प्रक्रियामा सहभागिता जनाई समुदायको पक्षमा वकालत गर्न प्रतिबद्ध ।
- विभेद, बहिष्करण, गरिबी, वैदेशिक रोजगारीको प्रभाव, द्वन्द्व वा अपाङ्गतासँग सम्बन्धित चुनौती भोगिरहेका समुदायका व्यक्तिहरूलाई विशेष प्राथमिकता ।

**सहभागीसंग अपेक्षित प्रतिबद्धता:**

- यस कार्यक्रम अन्तर्गत सञ्चालन हुने ३ दिने आधारभुत तालिम तथा १ दिने पुनर्ताजगी कार्यक्रममा पूर्ण रूपमा सहभागी हुने ।
- आफ्ना समुदाय तथा समूहमा नेतृत्व तथा वकालत पहल सञ्चालन गर्ने ।
- तालिम पछि सहकर्मी सिकाइ (Peer Learning) तथा मार्गदर्शन (Mentorship) कार्यक्रममा सक्रिय रहने ।
- सिकेका ज्ञान तथा सीप समुदाय/समूहमा साझा गर्ने रुचि ।

**आवेदन तथा सम्पर्क:**

इच्छुक व्यक्तिहरूले आफ्नो नाम, उमेर, ठेगाना, सम्पर्क विवरण, समुदाय/पहिचान, हालको संलग्नता तथा कार्यक्रममा सहभागी हुन चाहनुको कारण उल्लेख गरी मिति २०८३।०२।२२ गते सम्ममा तलको ठेगानामा निवेदन पेश गर्नुहुन वा सिधै सम्पर्क गर्नुहुन अनुरोध छ ।


**ठेगाना:**

**सिद्धार्थ सामाजिक बिकास केन्द्र**

**बाणगंगा–४, कपिलबस्तु** (बर्द्धघाट नगरपालिको का लागि)

**सम्पर्क नं. तथा ईमेल ठेगाना:** (बिमला परियार – सामुदायिक सहजकर्ता९७६४६७४७३२, cef.bardaghat@gmail.com

कमला शुक्ला – प्रदेश कार्यक्रम संयोजक : ९८५७०५०२५२, kamala.shukla2025@gmail.com)